वन तथा वातावरण मन्त्रालय

प्रवेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी)

## वन पैदावार (काठ दाउरा) लिलाम बिक्रीको सूचना

पाना नं.-१

(पहिलो पटक सूचना प्रकाशित मिति : २०८२/०२/३१ )

यस कार्यालयको मिति २०८२/०२/३० गतेको निर्णय अनुसार लमही सव डिभिजन वन कार्यालय लमही दाङबाट वेवारिसे अवस्थामा बरामद सिसौ र खयर जातको गोलिया थान ४९३ को ४८३.४३ घ.फी काठ र सिसौ दाउरा ५.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने 'गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८(१) वमोजिम सुचिकृत ईच्छुक फर्म वा कम्पनीले यो सूचना नयाँ युगवोध राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०२/३१ गते पहिलो पटक प्रकाशित भएको मितीले २१ औं दिन दिनको कार्यालय समय भित्र डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी लमही वा वन निर्देशनालय, वुटवल रुपन्देही मा बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२.०० बजे भित्र सिलवन्दी बोलपत्र श्री डिभिजन वन कार्यालय, दाङ्ग(देउखुरी), लमहीमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सुचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**तपसील**

| क्र.सं. | लट नं. | वन पैदावारको | | | | | मूल्यांकन | | संकलन तथा घाटगद्दी खर्च रु. | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जात | किसीम | स्तर (ग्रेड) | थान | परिमाण घ.फि. | न्युनतम दर (रु.) | न्युनतम मूल्य रु. | | |
| १ | २०/२०८१/०८२ लमही | वृक्षारोपण सिसौ | गोलिया | ए | १० | ६८।४० | ७०० | ४७,८८०।०० | ८७०१७४० | डिभिजन वन कार्यालय दाङ देउखुरीको कम्पाउण्ड |
| | | वृक्षारोपण सिसौ | गोलिया | वी | १३१ | २८५।३० | ५०० | १४२,६५०।०० | | |
| | | खयर | गोलिया | | ३५२ | १२९।७३ | १००० | १२९,७३०।०० | | |
| | | सिसौ | दाउरा | चट्टा | | ५।५ | १२००० | ६६,०००।०० | ४३४५०।०० | |
| | | जम्मा | | | ४९३ | ४८३।४३ | | ३८६,२६०।०० | १३०४६७४० | |

■ वोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति : २०८२।०३।२० गते (ख) समय : कार्यालय समय भित्र

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही वा प्रदेश वन निर्देशनालय, वुटवल , रुपन्देही ।

■ वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति: २०८२।०३।२१ गते ख) समय : दिनको १२:०० बजे सम्म ।

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही दाङ्ग।

१) वोलपत्र फारम को लागि रु१०००।- (पछि फिर्ता नहुने गरी) डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी), लमही को कार्यालय कोड नं. ३२९०१५६०२५, नेपाल वैंक लिमिटेड दाङको वैंक खाता नं.२७४०२०००००१००१००००१, राजश्व शिर्षक नं.१४२२९ मा जम्मा गरी खरिद गर्न सकिनेछ ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी)

## वन पैदावार (काठ) लिलाम बिक्रीको सूचना

पाना नं.-२

(२) बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना अवधि सम्मको लागी हुनुपर्ने छ ।

(३) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम लु.प्र.ले.नि.का. दाङ्गको नेपाल बैंक लिमिटेड, दाङ्गमा रहेको खाता नं. २९३०२००००२००३००००१ ( लुम्बिनी प्रदेश ख- २.३ धरौटी) खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ । धरौटी वा अन्य कारण देखाई कुनै पनि नगद रकम बोलपत्र साथ पेश गर्न पाईने छैन। यसरी नगद रकमको धरौटी पेश भएमा बोलपत्र स्वत: अमान्य हुनेछ ।

(४) वनपैदावार कार्यालय खुलेको समय भित्र घाटगद्दी स्थल राप्ती सब डिभिजन वन कार्यालयको परिसरमा गई हेर्न सकिने छ।

(५) ठेक्का बन्दोबस्त सिलबन्दी बोलपत्रमा भाग लिन ईच्छुक कम्पनी वा फर्मले फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी,, वन नियमावली २०७९ को नियम १२८ बमोजिम उधोग सुचिकृतको प्रमाण पत्रको प्रतिलिपी र आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

(६) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।३।२२ गते दिनको २.०० बजे डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही मा खोलिने छ ।

(७) सिलबन्दी बोलपत्र सम्बन्धि कागजातहरु खरिद तथा दाखिला गर्ने र बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै भोली पल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछन् ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, अग्रीम आय कर र नियमानुसार लाग्ने राजश्व जे जस्तो अवस्थामा छ सोही अवस्थामा अफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्छ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ

(१०) बोलपत्र स्विकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

(११) माथी उल्लेख गरेको शर्तहरु बाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्लेख गर्न पाईने छैन । तर एउटा फर्मले एकमुष्ट धरौटी राखी कुनै एक लटमा सक्कल र अन्य प्लटमा फोटोकपी राखेको भए उक्त कुरा बोलपत्रमा लेख मिल्ने छ ।

(१२) उल्लेख हुन छुट भएका बुँदाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।